# अर्जुनधारा नगरपालिका नगरसभाको १६ औं नियमित अधिवेशनबाट स्वीकृत संसोधित वार्षिक कार्यक्रम तथा अर्धबार्षिक समिक्षा प्रतिवेदन

## आ.व.२०८१/०८२


अर्जुनधारा नगरपालिका

शनिश्चरे झापा, कोशी प्रदेश, नेपाल

फोन नं०२३-५९७००२,

इमेल:arjundharamun@gmail.com/info@arjundharamun.gov.np

वेभसाइट:www.arjundharamun.gov.np

सभाध्यक्ष ज्यू

१) अर्जुनधारा नगरपालिकाको यस गरिमामय नगर सभाको सोह्रौं नियमित अधिवेशनमा चालु आर्थिक वर्ष २०८१/८२ को लागि स्वीकृत वार्षिक बजेट, नीति तथा कार्यक्रमको समिक्षात्मक प्रतिवेदन प्रस्तुत गर्न पाउँदा आफुलाई गौरवान्वित महशुस गरेको छु ।

२) यस महत्वपूर्ण घडीमा सर्वप्रथम नेपालको सार्वभौमसत्ता, स्वाधिनता, भौगोलिक अखण्डता, राष्ट्रिय हीत र स्वाभिमान, लोकतन्त्र, लैङ्गिक समानता र सामाजिक न्याय लगायत आर्थिक, सामाजिक, साँस्कृतिक रुपान्तरणका लागि भएका विभिन्न आन्दोलनहरुमा अग्र पंक्तिमा रहेर योगदान गर्नु हुने सम्पुर्ण अग्रज वीर पुर्खाहरु प्रति उच्च सम्मान व्यक्त गर्दै यस अभियानमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण शहीदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । आन्दोलनमा घाइते तथा अपाङ्गता भई कष्ठकर जीवन बिताई रहनु हुने योद्धाहरुको स्वास्थ्य लाभको कामना गर्दछु ।

३) संघीय व्यवस्था बमोजिम गठित तीनै तहका सरकारको लक्ष्य तथा उद्देश्य सन्तुलित उत्पादन र न्यायोचित वितरण हो । सबै जाति, वर्ग, लिंङ्ग, क्षेत्र र विभिन्न अवस्थामा रहेका समुदायका नागरिकहरुको जीवनमा आर्थिक, सामाजिक र साँस्कृतिक दृष्टिकोणबाट समेत स्पष्ट लाभको अनुभूति गर्ने गरी दीगो,सकारात्मंक, गुणस्तरीय र समन्यायिक गुण सहितको परिवर्तन ल्याउन आवश्यक छ । यसका लागि तीन वटै तहमा आ-आफ्नो काम, कर्तव्य र अधिकारका क्षेत्रमा स्पष्टताका साथ आपसी समन्वय र सहकार्य गरी समृद्धिको यात्रामा अगाडि वढ्न सबै पक्षसंग हार्दिक अपिल गर्दै निरन्तर हातेमालो गर्ने प्रतिवद्धता व्यक्त गर्दछु ।

सभाध्यक्षज्यू,

सर्वप्रथम गत आ.व. २०८०/०८१ को प्रस्तावित वजेट, संसोधित र यर्थाथ प्रगति देहाय अनुसार प्रस्तुत गर्न चाहन्छु ।

श्रोतगत बजेट, क्षेत्रगत बजेट तथा खर्च र कार्यक्रम अनुसारको प्रगति विवरण निम्न अनुसार पेश गर्न चाहन्छु ।

| संसोधित आय | यर्थाथ आय | प्रगति प्रतिशत |
|---|---|---|
| ९९६९२१६४४<br>उन्नानसय करोड उन्नसतरी लाख एकाइस हजार छ सय चौवालिस | ८५,६५,०९,७४३.८०<br>पचासी करोड पैसठी लाख नौ हजार सात सय त्रिचालिस | ८२.३६ |
| **संसोधित खर्च** | **यर्थाथ खर्च** | **प्रगति प्रतिशत** |
| ९३८१७४८९४<br>त्रिरानब्बे करोड एकासी लाख चौहतर हजार आठ सय चौरानब्बे | ८१०२३५९०१.०१<br>एकासी करोड दुइ लाख पैतिस हजार नौ सय एक रुपैया | ८६.३६ |

बलबिर सिंह योञ्जन तामाङ
नगर प्रमुख

विषयगत तथा क्षेत्रगत खर्च

| क्षेत्रगत कार्यक्रम | यर्थाथ खर्च | प्रगति प्रतिशत |
|---|---|---|
| आर्थिक विकास | ९११८९७०३.१४ नौ करोड एघार लाख उनान्नबे हजार सात सय तीन | ८३.४९ |
| सामाजिक विकास | ३३४०६५७८५.६४ तीन करोड चौतिस लाख पैसठी हजार सात सय पचासी | ९.६७ |
| पूर्वाधार विकास | २१६२८००७६.१६ एकाइस करोड बैसठी लाख असी हजार छियतर | ८२.९० |
| सुशासन तथा अन्तरसम्बन्धि क्षेत्र | १८६४३१५८ एक करोड छयासी लाख त्रिचालिस हजार एक सय अन्ठाउन्न | ५५.९९ |
| कार्यालय संन्चालन तथा प्रशासनिक खर्च | १५००५७१७८.०७ पन्ध्र करोड सन्ताउन्न हजार एक सय अठतर | ९४.९५ |
| जम्मा | ८१०२३५९०१.०१ एकासी करोड दुइ लाख पैतिस हजार नौ सय एक | ८६.३६ |

अब म चालु आर्थिक वर्ष २०८१/०८२ को लागि पन्ध्रौ नगरसभाबाट स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वयनको संक्षिसमा प्रगति समिक्षा प्रस्तुत गर्दछु ।

अब म चालु आर्थिक वर्ष २०८१/०८२ को लागि पन्ध्रौ नगरसभाबाट स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वयनको संक्षिसमा प्रगति समिक्षा प्रस्तुत गर्दछु ।

४) चालु आर्थिक वर्षका लागि हामिले रु ९६ करोड २१ लाख ८३ हजार ८ सय ४२ रुपैया बजेट स्वीकृत गरिएकोमा आय व्यय तर्फ २०८१ पौष मसान्त सम्म पुँजिगत तर्फ २०.०५ प्रतिशत र चालु तर्फ ३६.५२ प्रतिशत र वित्तीय तर्फ २९.५६ प्रतिशत खर्च भई सकेको छ भने विषयगत क्षेत्रगत रुपमा आर्थिक विकासमा १ करोड ३२ लाख ८७ हजार ४ सय ९ रुपैया (१४.२५ प्रतिशत), सामाजिक विकास तर्फ १४ करोड ३४ लाख ८० हजार ३ सय ७९ रुपैंया (३३.५ प्रतिशत), पूर्वाधार विकास तर्फ ६ करोड ८ लाख ३ हजार २ सय ३३ रुपैया (२१.९३ प्रतिशत), सुशासन तथा अन्तरसम्वन्धित क्षेत्रमा २७ लाख ७४ हजार ३ सय ३० रुपैया (१०.९७ प्रतिशत) र कार्यालय सन्चालन तथा प्रशासनिक खर्च तर्फ ६ करोड ४० लाख ९७ हजार १ सय ८८ रुपैया (४६.४३ प्रतिशत) भएको छ ।

५) चालु आर्थिक बर्ष २०८१/०८२ मा आन्तरिक श्रोत तर्फ कुल ७ करोड संकलन गर्ने लक्ष्य राखिएकोमा पौष मसान्तसम्ममा ३ करोड ४५ लाख ७० हजार ३ सय ६७ रुपैया संकलन भइ सकेको छ । त्यसै गरी नदिजन्य पदार्थ उत्खनन, संकलन तथा विक्री वापत रु ७ करोड २७ लाख १५ हजार ७ सय १९ रुपैयाको (भ्याट बाहेक) ठेक्का बन्दोवस्त भइ सकेको छ ।

६) चालु आर्थिक वर्षमा हामीले नगरपालिकामा महत्वपूर्ण योजना तथा कार्यक्रमहरु सञ्चालन गरेका छौं । यही अवधिमा केही महत्वपूर्ण बहुवर्षिय एवम दीर्घकालिन महत्वका नगर गौरवका आयोजनाहरु सुरु गरेका छौं ।नगर प्रमुख विपन्न आवाश निर्माण कार्यक्रम अन्तर्गत ५० जना विपन्न नागरिकहरुका लागि आधारभुत सुविधासम्पन्न आवाश निर्माणको कार्य प्रक्रियामा रहेको छ ।कोशी प्रदेशकै नमुना पशु अस्पताल निर्माण गर्ने उद्देश्य सहित हालको पशुपंक्षी विकास शाखा रहेको वडा नं ९ को कटहरडाँडामा नमुना पशु अस्पताल निर्माणको कार्य भईरहेको छ ।वडा नं १ को

मदनपुरमा प्रदेश सरकार तथा छिमेकी पालिकाहरु विर्तामोड नगरपालिका, कनकाई नगरपालिका बुद्धशान्ति गाउँपलिकाको लागत साझेदारीमा मुख्यमन्त्री अत्यावश्यक सेवा केन्द्र निर्माण चरणमा रहेको छ । यसै गरी हलुवागढ परापर्यटन परियोजना, १५ शैंयाको शनिश्चरे अस्पताल, महानन्द चौक लक्ष्मीपुर सडक नाला निर्माण मुख्य छन् । यसै गरी चालु आ.व.मा ठेक्का प्रक्रियामा गएका योजनाहरुमा ठुलो नेते खोला तटबन्धन अनपा-१, मदनपुर उत्तर दिलकुमार सापकोटाको घर हुदै चक्र तामाङ्गको घरसम्म जाने सडक कालोपत्रे अनपा-१, कसानवाडी-मुखिनि सडक अनपा-५ र ६, जसमाया मार्ग इथुङ्गेटोलमा पेर्वस विच्छयाउने कार्य अनपा-७, शनिश्चरे खानेपानी-कृषि बजार सडक अनपा ८, पुतली चोक-ठुलो नेते सडक अनपा-१, इलाका सडक अनपा २, सिमल चोक-कालिझोडा सडक अनपा-१०, सुमन मिलबाट चिसापानी जाने सडक पेर्वस लगाउने कार्य, सालवारी-देविथान सडक अनपा-११, गार्गि भवन रोड अनपा-९, कदमगाछी सडक अनपा ६ र ८, लक्ष्मीपुर विहिवारे बजार सडक अनपा ५, लाहुरे चोक सडक अनपा ३, ढल्के पिपल-सरस्वती आ.वि सडक अनपा-२, विहिवारे बजार कृषि भवन अनपा-५, शहिद सुखानी पार्क अनपा-११ रहेका छन् । तटबन्धन तर्फ टाङटिङ खोला (कल्पना रानाको घर पूर्व) अनपा २, पानीकल गुम्बा पश्चिम अनपा ५, मुना खत्रीको घर पश्चिम अनपा १, सुखानी टाङटिङ दोभान अनपा ३, टाङटिङ चौरासे पूर्व अनपा २, डिएमसी छेउमा स्पर तटबन्धन अनपा ५ आदि रहेका छन् । चालु आ.व.का लागि भौतिक पूर्वाधार तर्फ ३७५ योजनाहरु कार्यान्वयनमा रहेका छन् जसमध्ये ठेक्का प्रक्रिया मार्फत २० वटा योजनाहरु सञ्चालनमा छन् भने बांकी योजनाहरु उपभोक्ता समिति मार्फत कार्यान्वयनको चरणमा रहेका छन् ।

७) यस अर्जुनधारा नगरपालिका भित्रका भुमिहिन दलित भुमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुको लगत संकलनको हालसम्मको कार्य प्रगति अनुसार फाराम पेश गर्ने लाभग्राहीहरु मध्ये भुमिहिन दलित २०४ भुमिहिन सुकुम्बासी ६९९ तथा अव्यवस्थित बसोबासीहरुको संख्या ७५०० रहेको छ । वडागत नापजाँच भएका जग्गाको हालसम्मको प्राप्त विवरण अनुसार वडा नं. १ मा ६५ विगाहा, वडा नं. २ मा १६ विगाहा, वडा नं. ३ मा १० विगाहा, वडा नं. ५ मा ७५ विगाहा, वडा नं. १० मा ५ विगाहा र वडा नं. ११ मा ९२ विगाहा जग्गा नापँजाँच भइ रेखाङ्कन गरी सकिएको छ । त्यसै गरी राष्टिय भुमि आयोगमा फाराम पेश गर्ने लाभग्राहीहरु मध्ये वडा नं. ११ मा २५ वटा जग्गा धनी पुर्जा तयार भइ वितरण भइसकेको र वडा नं. १ को ९५ थान जग्गा धनी प्रमाण पुर्जा तयार भइ सकेको तर राजश्वको दर उच्च भएका कारण सम्बन्धित लाभग्राहीहरुले जग्गा धनी प्रमाण पुर्जा ग्रहण गरि नसकेको अवस्था विध्यमान छ ।

८) महिला बालबालिका तथा जेष्ठ नागरिक शाखाबाट अपाङ्ग रोकथाम तथा पुनस्थार्पना कार्यक्रम अन्तर्गत कोशी प्रदेश सामाजिक विकास मन्त्रालय तथा करुणा फाउण्डेशन र अर्जुनधारा नगरपालिकाको त्रिपक्षीय साझेदारीमा ११ वटै वडामा १४२५ जना अपाङ्गता भएका व्यक्तिहरुको विशेषज्ञ चिकित्सकद्धारा स्वास्थ्य परिक्षण तथा पहिचान गरी परिचय पत्र वितरण गरिएको । बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि वडा नं. १० र ११ लाई छनौट गरी तथ्याङ्क संकलन कार्य भइरहेको । २२ जना जेष्ठ नागरिकलाई झुल, थर्मस तथा हिँट व्याग उपलब्ध गराइएको, माविमा अध्ययरत ४२ जना किशोरीहरुलाइ आत्मारक्षा तालिम सहित पोशाक वितरण

गरिएको, बालदिवसको अवसरमा लक्ष्मी आधारभुत विद्यालयमा अनपा ४ का ३८ जना विद्यार्थीलाइ विद्यालय पोशाक र वडा न. ५ का ६२ जना विद्यार्थीहरुलाइ शैक्षिक सामाग्री स्कुल व्याग वितरण गरिएको ।

९) सामाजिक विकास शाखा अन्तर्गत सामुदायिक वन मध्ये ४ वटाको कार्ययोजना स्वीकृत भएको, सहकारी संस्थाहरुको विधान संसोधन गरिएको साथै संस्था दर्ता नियमावली र टोल विकास संस्थाको कार्यविधि संसोधनको प्रक्रियामा रहेका छन् ।

१०) नगरपालिकाले नगरवासीको स्वास्थ्य सेवालाई उच्चतम प्राथमिकतामा राखी सेवा प्रदान गर्दै आएको छ ।शनिश्चरे अस्पतालमा नेपाल सरकारको आमा सुरक्षा कार्यक्रम अन्तर्गत सिजरियन सेक्सनद्वारा प्रसुती सेवा सञ्चालनका लागि अनुमति प्राप्त भई स्त्री तथा प्रशुती रोग विशेषज्ञद्वारा नियमित उपचार सेवा सञ्चालनको अवस्थामा पुगिएको छ ।शनिश्चरे अस्पताललाई यस क्षेत्रकै नमुना अस्पताल बनाउन विभिन्न विशेषज्ञ सेवाहरु थप गरी सञ्चालनमा ल्याइएको छ, अस्पतालमा स्वास्थ्य विमा कार्यक्रम निरन्तर रुपमा सञ्चालनमा रहेको छ। अस्पतालप्रति नगरवाशीको विश्वास बढ्दै गएको छ । नगरपालिकाको कार्डिएक डायबेटिक कार्यक्रम मार्फत ११ वटै वडामा कार्डियाक डायबटिक क्लिनिक सञ्चालन भइ वडास्तरमा सेवा उपलब्ध गराइएको छ ।

११) शनिश्चरे आयुर्वेद औषधालयमा सञ्चालनमा रहेकोबाट प्रदान गरिने पञ्चकर्म सेवा लिने सेवाग्राहीको सँख्या ५४३६ जना (पु. ३१३४, म.२३०२) यसै गरी स्वास्थ्य जिवनशैली सम्बन्धी वडास्तरीय अभिमुखिकरण कार्यक्रम सम्पन्न जसमा ५०४ जना सहभागिता थियो ।

१२) कृषि विकास शाखा मार्फत चालु आर्थिक वर्षको पौष मसान्तसम्म तेलहन दलहन बाली प्रवर्द्धन कार्यक्रम (१५५ विगाहा), आकस्मिक बाली संरक्षण कार्यक्रम कौशी खेती प्रवर्द्धन कार्यक्रम सम्पन्न भइसकेको छ ।त्यसै गरी एक वडा एक उत्पादन कार्यक्रम, किसान सूचिकरण कार्यक्रम, माटो शिविर एवम कृषि चुन वितरण कार्यक्रम (१९१ माटोको नमुना परिक्षण), हिउँदै मकै प्रवर्द्धन कार्यक्रम (१५ विगाहा) स्थानिय उत्पादन प्रवर्द्धन तथा बजारीकरण कार्यक्रम प्राङ्गारिक उत्पादन प्रवर्द्धन कार्यक्रम, नगदेबाली प्रवर्द्धन कार्यक्रम कार्यान्वयनको चरणमा रहेका छन् ।

१३) पशुपंक्षी तथा मत्स्य विकास शाखा मार्फत चालु आर्थिकको पौष मसान्त सम्ममा महामारी रोग लम्पीस्किनको भ्याक्सिन ७८९१ त्यसै गरी खोरेत रोग विरुद्धको भ्याक्सिन १५००० नश्ल सुधार कार्यक्रम कृत्रिम गर्भाधान ३३०१ गोबर परिक्षण ५१५३ थुनेलो रोगको परिक्षण १४४७ सर्जिकल सेवा १३५८ यसै गरी भेटेरिनरी अस्पताल निर्माण चरणमा रहेको, विपन्न कृषकहरुका लागि ४० वटा गोठ निर्माण कार्य भइरहेको र भैसी संरक्षणा तथा प्रर्वद्धन कार्यक्रम अन्तर्गत कृषकहरुको छनौट भइरहेको छ ।

१४) पञ्जीकरण तथा सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत चालु आर्थिक बर्षको पौष मसान्तसम्ममा सामाजिक सुरक्षा भत्ता लाभग्राहीको सँख्या ८२९६ जना रहेकोमा सम्वन्धित लाभग्राहीको खातामा रु १७ करोड ३१ लाख ४७ हजार ७ सय ३० रुपैया एनआइसी एसिया, एक्सेल डेभलोपमेन्ट वैंक, हिमालयन वैंक लि. मार्फत वितरणको व्यवस्था मिलाइएको छ । व्यत्तिगत घट्ना दर्ता अन्तर्गत जन्मदर्ता ६०६ जना, मृत्यु दर्ता २५९ जना, विवाहदर्ता ३१९ जना, बसाइसरी आएको सँख्या ८६०

नवीन सिंह गोम्देन तामाङ
नगर प्रमुख

जना (परिवार सँख्या ३२२), बसाइसरी गएको सँख्या ३२२ (परिवार सँख्या १३०) र सम्बन्ध विच्छेद दर्ता ५० जना रहेको छ ।

१५) न्यायिक समिति मार्फत चालु आर्थिक बर्षको पौष मसान्तसम्ममा जम्मा मुद्धा दर्ता ८० वटा, मुद्धा छलफल ६१ वटा, मुद्धा सहमति १७, अदालत आदेश भएका मुद्धा २४ (१०वटा दायित्व सरी आएको) , ढिसमिस आदेश-२,निवदेन फिर्ता ५ र प्रकियामा रहेका जम्मा मुद्धा सँख्या ४२ वटा रहेका छन् ।

१६) यस नगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारका लागि दिवा खाजाका लागि रकम नियमित गरिएको । कक्षा १ देखि ५ सम्मका विद्यार्थीहरुको रुचि बढाउनका लागि हाजिरिजवाफ प्रतियोगिता सम्पन्न गरिएको छ । त्यसै गरी राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता २०८१ सम्पन्न भएको र सामुदायिक विद्यालयका माध्यमिक तृतिय श्रेणीका (राहत) सेवा निवृत्त शिक्षकहरुलाइ सम्मान तथा पुरस्कार वितरण गरिएको ।

अब म चालु आ.व.का लागि १५ औं नगरसभाबाट स्वीकृत बजेट नीति तथा कार्यक्रमहरु र विषयगत नीतिहरुको कार्यान्वयनका लागि विशेष पहल गर्नुपर्ने विवरण पेश गर्दछु ।

- प्राङ्गारिक मल उत्पादन गरी **"प्राङ्गारिक नगर"** बनाउन पहल गर्नुपर्ने विषय ।
- जैविक मल उत्पादन तर्फ पहल गर्नुपर्ने ।
- कृषि उपज संकलन केन्द्र तथा कृषि उपज बजार र विज भण्डार (Seed Bank) स्थापना गरी संञ्चालन गर्नुपर्ने ।
- उत्पादनमा आधारित कृषि अनुदानलाइ प्राथमिकता दिनुपर्ने ।
- वेदैशिक रोजगारबाट फर्किएर आएका युवाहरुलाई लक्षित गरी स्वरोजगार कार्यक्रम संचालन गर्न पहल गर्नुपर्ने ।
- उत्पादित कृषि एवम तरकारी. फलफुलमा विषादि चेकजाँचको कार्यक्रम संञ्चालन गर्नुपर्ने ।
- गै.स.स. सामुदायिक वन र सहकारी संघसस्थाहरुसगको साझेदारीको फ्रेम वर्क तयार गर्नुपर्ने ।
- नगर यातायात गुरुयोजना, स्थानिय भवन निर्माण मापदण्ड एवम विपद व्यवस्थापन योजना तथा विपद जोखिम नक्साङ्कनको कार्य अगाडि बढाउनुपर्ने ।
- विधुत नपुगेको घरधुरी पहिचान गरी यसै वर्ष **उज्यालो नगर घोषणा** गर्नुपर्ने ।
- सामुदायिक विद्यालयहरुमा बालमैत्री शौचालय, खानेपानी, विधुत प्रयोगशाला र घेराबाराको व्यवस्था गर्नुपर्ने ।
- सामुदायिक विद्यालयहरुको शिक्षण सिकाइलाई प्रविधिमैत्री बनाउन डिजिटल प्रविधिको प्रयोग गर्नुपर्ने ।
- खानेपानी तथा सिंचाइका मुहान संरक्षण गर्दै विपन्न परिवारमा खानेपानी सेवा उपलब्ध गराउने । पाइप विस्तार गर्नुपर्ने ।
- नदिकटान तथा तटबन्धनको कार्यका लागि आवश्यक योजना कार्यान्वयन गर्नुपर्ने ।

दलदेव सिंह गोरखा ठगार
नगर प्रमुख

सभाध्यक्षज्यू,

चालु आर्थिक वर्षको नगर कार्यपालिकाको विभिन्न मितिमा बसेको बैठकबाट निर्णय भएका र कार्यान्वयन /चरणमा रहेका **अनुसूची-१** बमोजिम बोर्ड बैठकबाट निर्णय भएका योजना तथा कार्यक्रमहरु, **अनुसूची-२** दायित्व, नगरस्तरीय अल्या बजेटबाट निर्णय भएका योजनाहरु, **अनुसूची-३** वडास्तरीय तथा शाखागत संसोधित योजना र **अनुसूची** -४ साझेदारी कार्यक्रमहरु अनुमोदनका लागि सम्मानित सभा समक्ष पेश गर्दछु ।

अन्त्यमा आम नगरवासीको समृद्धि, विकास तथा साझा हितको प्रवर्द्धनको निम्ति बजेट तथा कार्यक्रमको सफल कार्यान्वयनका लागि सबै पक्षबाट रचनात्मक सहयोग प्राप्त हुनेछ भन्ने विश्वास लिएको छु ।

धन्यवाद ।

प्रस्तुतकर्ता:
श्री खड्गमाया पराजुली
उप प्रमुख तथा बजेट तथा कार्यक्रम समितिका संयोजक
मिति २०८१/१०/२७ गते
स्थान: अर्जुनधारा नगरपालिकाको सभाहल

बलदेव सिंह गोप्देन तामाङ
नगर प्रमुख

## अनुसूची-१ बमोजिमका योजनाहरु

| क्र.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | ठेगाना | शीर्षक | विनियोजन |
|---|---|---|---|---|
| १ | राष्टिय शिक्षा दिवस सन्चालन कार्यक्रम | अर्जुनधारा- | नगर प्रमुख प्रस्तावनामा आधारित कार्यक्रम | १५०००० |
| २ | शशस्त्र प्रहरी वेस क्याम्प र प्रहरी चौकी शनिश्चरे भवन मर्मत तथा शौचालय निर्माण | अर्जुनधारा–३ | | ७७९००० |
| ३ | खुदुनाबारी बजार क्षेत्रमा गमला तथा लेन विभाजन युथ अफ खुदनाबारी | अर्जुनधारा–३ | | २५००० |
| ४ | बन्दि सहायता नेपाल बालबालिका तथा अन्य अनाथ बालबालिकाहरुलाइ न्यानो कपडा वितरण | अर्जुनधारा–३ | | ३०००० |
| ५ | सागर त्रिखत्री औषधी उपचार खर्च सहयोग | अर्जुनधारा-४ | | ५०००० |
| ६ | सामुदायिक भवन समाजसेवी बाल क्लव भौतिक पर्वाधार निर्माण | अर्जुनधारा-५ | | १००००० |
| ७ | विपन्न नागरिक आवास कार्यक्रम | अर्जुनधारा-७ | | १००००० |
| ८ | शशस्त्र प्रहरी वेस क्याम्प भवन निर्माण | अर्जुनधारा-८ | | ८७४००० |
| ९ | शनिश्चरे मा वि राष्टिय शिक्षा दिवस मनाउने कार्य | अर्जुनधारा-८ | | १५०००० |
| १० | पतन्जली योग नगर समिति विविध कार्यक्रम सन्चालन गर्न | अर्जुनधारा– | उपप्रमुख प्रस्तावनामा आधारित कार्यक्रम | २००००० |
| ११ | न्यायिक समितिको क्षेत्रधिकार सम्बन्धमा प्रचारप्रसार तथा प्रकाशन अर्जनधारा जेसीज सहकार्य | अर्जुनधारा- | | ३०००० |
| १२ | नौमती बाजा खरिद सहयोग | अर्जुनधारा- | | १००००० |
| १३ | सुपारी प्रशोधन एवम प्रवद्धन कार्यक्रम इनर्जी कप्स्र साझेदारी | अर्जुनधारा–२ | | ५००००० |
| १४ | दाहालटार फुटबल प्रतियोगिता सन्चालन | अर्जुनधारा-२ | | १००००० |
| १५ | मदन भण्डारी राजमार्ग पुल दक्षिण सुखानी खोला पूर्व बगरे पैनी निर्माण | अर्जुनधारा-३ | | ५००००० |
| १६ | शेरबहादुर दासको घर आसपास इनार निर्माण | अर्जुनधारा- | | १००००० |
| १७ | भोर्लेनी छिन्ताङ गाउँमा इनार निर्माण | अर्जुनधारा- | | १००००० |
| १८ | डाडाँगाउँ बराल टोलमा इनार निर्माण | अर्जुनधारा-३ | | १००००० |
| १९ | साठिमुरे टोल तल्लो गाउँ इनार निर्माण | अर्जुनधारा-२ | | १२०००० |
| २० | ओम कारेश्वर शिव पान्चायन मन्दिरको श्रवण हल | अर्जुनधारा-३ | | ३५०००० |
| २१ | जेष्ठ नागरिक भवन निर्माण | अर्जुनधारा-४ | | ५००००० |
| २२ | शनिश्चरे बहुमुखी क्याम्पसका विद्यार्थीलाई अध्ययन अवलोकन भ्रमण सहयोग | अर्जुनधारा-७ | | ३०००० |
| २३ | विपन्न नागरिक आवास कार्यक्रम | अर्जुनधारा-७ | | ५००००० |
| २४ | मानसिक रोग सम्बन्धी क्षमता अभिवृद्धि मनोपरामर्श अभिमुखिकरण कार्यक्रम जलेश्वर सामुदायिक सिकाइ केन्द्र | अर्जुनधारा-८ | | २००००० |
| २५ | बाहृघरे आधारभुत विद्यालय घेराबारा | अर्जुनधारा-९ | | ३००००० |
| २६ | जेष्ठ नागरिक सामुदायिक मिलन केन्द्र भवन निर्माण | अर्जुनधारा–१० | | ५००००० |
| २७ | महारानीगञ्ज माध्यमिक विद्यालय स्टेज निर्माण | अर्जुनधारा–११ | | ३००००० |
| २८ | सालवारी महिला नौमती बाजा खरिद | अर्जुनधारा–११ | | १२०००० |
| २९ | कौशी खेती प्रर्वद्धन कार्यक्रम | अर्जुनधारा–११ | | १८०००० |
| ३० | नेपाल आदिवासी जनजाति महासंघ विश्व आदिवासी दिवस मनाउने काम | अर्जुनधारा | | १५०००० |
| ३१ | मितिनि नेपाललाई अन्तर्क्रिया कार्यक्रमका लागि सहयोग | अर्जुनधारा | | ३४००० |

बलदेव सिंह गोल्देन तामाङ
नगर प्रमुख

| क्र.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | ठेगाना | शीर्षक | विनियोजन |
|---|---|---|---|---|
| ३२ | नगरस्तरीय ल्होछार कार्यक्रम सञ्चालन सहयोग | अर्जुनधारा | संघ संस्था प्रवर्द्धन कार्यक्रम | २००००० |
| ३३ | नेपाल बहिरा संघ भवन निर्माणका लागि सहयोग | विर्तामोड |  | २५००० |
| ३४ | सिंहदेवी मा.वि. रङ्गरोगन | अर्जुनधारा-१ |  | ३००००० |
| ३५ | शंकराचार्य पीठ साधुटारमा धार्मिक अनुष्ठान सञ्चालन सहयोग | अर्जुनधारा-१ |  | २००००० |
| ३६ | किराँत माङहिम घेराबारा | अर्जुनधारा-१ |  | ३००००० |
| ३७ | कैदले पर्यटन क्षेत्रको डिपिआर तयारी | अर्जुनधारा-३ |  | ३००००० |
| ३८ | कालिमन्दिर मर्मत सम्भार | अर्जुनधारा-५ |  | १००००० |
| ३९ | समाजसेवी बाल क्लव सामुदायिक भवन भौतिक पूर्वाधार सुधार | अर्जुनधारा-५ |  | १००००० |
| ४० | अर्जुनधारा जलेश्वर धाम धार्मिक अनुष्ठान सञ्चालन सहयोग | अर्जुनधारा-७ |  | ३००००० |
| ४१ | नर्वेश्वर शिवालय वाध्यवादन सामाग्री सहयोग | अर्जुनधारा-८ |  | ३५००० |
| ४२ | कालिझोडा चर्चमा सिलिङ्ग लगाउने कार्य | अर्जुनधारा-१० |  | १००००० |
| ४३ | थिरलाल कुइकेलको घरबाट तारा प्रधानको घरसम्म सडक | अर्जुनधारा-२ | विपद व्यवस्थापन कोष | ७९५००० |
| ४४ | राते कल्भर्टबाट फेदिसम्म ग्राभल | अर्जुनधारा-२ |  | ३०५००० |
| ४५ | गोयाङ खोला झोलुङ्गेपुल दक्षिण मदन भण्डारी राजमार्ग उत्तर र सन्तले खोल्सीमा तारजाली | अर्जुनधारा-२ |  | २८५०३१ |
| ४६ | सन्थाल बस्तीमा पुल निर्माण, वडा नं ५, बिर्तामोड न.पा.सँग साझेदारीमा ल.ई. बमोजिम | अर्जुनधारा-५ |  | ७००००० |
| ४७ | सुखानी खोला दोभान टाङटिङ खोला तटबन्धन ड्याम निर्माणका लागि इन्धन | अर्जुनधारा- |  | ११३०० |
| ४८ | सिस्ने साधुटार हुदै माटे शान्तिपुर जाने बाटो मर्मत सम्भार | अर्जुनधारा- |  | १८००० |
| ४९ | बाह्रदशी खोलामा नदी नियन्त्रणका लागि प्लम्ब वाल निर्माण | अर्जुनधारा-७ |  | ३००००० |
| ५० | सोराली गाउँ पश्चिम नेते खोलामा तटबन्धन | अर्जुनधारा-१ | नगर प्रमुख तटबन्धन | १५००००० |
| ५१ | जुकेखाडी पग्ला खोला गंगाबहादुर खड्काको घर पश्चिम तर्फ तटबन्धन | अर्जुनधारा-३ |  | ६६०००० |
| ५२ | वडामा विभिन्न बाटाहरु मर्मत सम्भार सवै वडा | अर्जुनधारा– | जहाँ अभर त्यहाँ नगर कार्यक्रम | १६५०००० |
| ५३ | चासोक ताम्नाङ समारोहका लागि सहयोग | अर्जुनधारा– |  | १७०००० |
| ५४ | हचुमासा देखि दलबहादुर चौकसम्म जाने डाँडा गाउँ बाटो निर्माण | अर्जुनधारा–१ |  | ८००००० |
| ५५ | नेते खोला पारी पोखरी निर्माण | अर्जुनधारा–१ |  | ५१९००० |
| ५६ | पहिरोले क्षति गरेको प्रविन राइको घरका लागि सहयोग | अर्जुनधारा–१ |  | ३५००० |
| ५७ | रातेखाल झोलुङ्गे पुल छेउ दहिझोडा जाने बाटोको होलिमा ह्यूम पाइप | अर्जुनधारा–४ |  | ५४००० |
| ५८ | हाइटेन्सन लाइनका विधुत पोल तत्काल स्थानान्तरण | अर्जुनधारा–४ |  | ५००००० |
| ५९ | दाहाल चौक नाला निर्माण | अर्जुनधारा–७ |  | १५०००० |
| ६० | कदमगाछी मेनका टोलमा नाला निर्माण | अर्जुनधारा–८ |  | ५००००० |
| ६१ | बसपार्कबाट माता मन्दिर नाला निर्माण | अर्जुनधारा–११ |  | १०००००० |
| ६२ | अर्जुनधारा नगरपालिका तथा नेपालको पहिचान झल्कने स्थानीय हस्तकला सामाग्री तथा स्थानीय उत्पादन सामाग्री मायाको चिनो | अर्जुनधारा- | चालु खर्च | २९१००० |
| ६३ | अन्तरपालिका कर्मचारी फुटबल प्रतियोगितामा सहभागिताका लागि | अर्जुनधारा- | खेलकुद | १५०००० |

बलदेव सिंह गोम्देन तामाङ
नगर प्रमुख

| क्र.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | ठेगाना | शीर्षक | विनियोजन |
|---|---|---|---|---|
| ६४ | जेष्ठ नागरिक भवन निर्माण | अर्जुनधारा-१ | जेष्ठ नागरिक भवन निर्माण | १०००००० |
| ६५ | जेष्ठ नागरिक भवन निर्माण | अर्जुनधारा-३ | | १०००००० |
| ६६ | जेष्ठ नागरिक भवन निर्माण | अर्जुनधारा-५ | | १०००००० |
| ६७ | बबुराइज सामुदायिक भवनले भौतिक पूर्वाधार निर्माण | अर्जुनधारा-६ | समपुरक कोष | ३१३००० |
| ६८ | मनासलु युवा क्लब साँस्कृतिक कार्यक्रम सञ्चालन सहयोग | अर्जुनधारा-९ | भाषा कला साहित्य | १००००० |
| ६९ | First Step Mr. jhapa body building championship कार्यक्रम सन्चालन | बिर्तामोड | आर्थिक सहायता | ५०००० |
| ७० | औषधी उपचार सहयोग रिता देवान | अर्जुनधारा-३ | | ५०००० |
| ७१ | औषधी उपचार सहयोग भुनमाया तामाङ | अर्जुनधारा-३ | | ५०००० |
| ७२ | विरिङ माटे पैनी निर्माण | अर्जुनधारा-१ | कार्यपालिका सदस्यहरुबाट छनौट भएका योजनाहरु | ५००००० |
| ७३ | जनतासंग आयमुलक कार्यक्रम | अर्जुनधारा-३ | | ५००००० |
| ७४ | अर्जुन बस्नेतको घर दक्षिण हुदै भुपाल भुजेल घरबाट पूर्व सुरेन राइको घर दक्षिण (बागेडागी जाने बाटो) स्तरउन्नति | अर्जुनधारा ४ | | ३००००० |
| ७५ | दुर्गा मन्दिर कप्तानवाडीमा टायल्स लगाउने काम | अर्जुनधारा-६ | | ११११३५ |
| ७६ | बालकल्याण आ वि टिनको छाना फेर्ने काम | अर्जुनधारा-६ | | १३८८६५ |
| ७७ | ६ न वडा कार्यालय छेउको भत्केको पुल मर्मत | अर्जुनधारा-६ | | २५०००० |
| ७८ | शेरडुप छ्योलिङ्ग गुम्बा भवन मर्मत | अर्जुनधारा-५ | | ५००००० |
| ७९ | मंगलमणी स्मृति प्रतिष्ठान भवन मर्मत | अर्जुनधारा ८ | | २००००० |
| ८० | सडकबत्ती तथा सौन्दर्यीकरण | अर्जुनधारा-९ | | ३००००० |
| ८१ | सुचना केन्द्र तथा विश्राम चौतारी | अर्जुनधारा-९ | | १००००० |
| ८२ | हजारे बाँध वाल सहित हिमपाइप जडान, जेष्ठ नागरिक चौतारी निर्माण, धिमालगाउँ ह्युमपाइप तथा वाल र गरमथान वाल निर्माण | अर्जुनधारा-९ | | ५००००० |

बलदेव सिंह गोम्देन तामाङ
नगर प्रमुख

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | ठेगाना | विनियोजित रकम |
|---|---|---|---|
| ३७ | बालज्योतीप्रा वि उत्तर खरवन्दी चोक ग्रावेल | अर्जुनधारा-९ | १०००००० |
| ३८ | ख्यामवस्नेतको घरबाट शिशिर भुजेलको घरसम्म ग्रावेल लगाउने | अर्जुनधारा-१० | ९६४००० |
| ३९ | कालिस्थान-जुपिटर स्कुल जाने बाटो ग्रावेल नाला तथा कल्भर्ट निर्माण | अर्जुनधारा-१० | १२००००० |
| ४० | जलकन्या सन्त तामाङगको घर अगाडी प्लम निर्माण | अर्जुनधारा-१० | ८००००० |
| ४१ | मिलडाँडादक्षिण प्रगति टोल जाने बाटो स्तरोन्नती | अर्जुनधारा-११ | १२००००० |
| ४२ | लुङ्गाचोक कालोपत्रे | अर्जुनधारा-११ | १५००००० |
| ४३ | खुदुनाबारी गोल्डकप सञ्चालन | अर्जुनधारा-३ | १५१००० |
| ४४ | मकैको खोस्टा तथा परालबाट सजावट तथा दैनिक उपभोग सामाग्री तालिमका | अर्जुनधारा- | १००००० |
| ४५ | टाङटिङ दोभान दक्षिण चौरासे पूर्व तटबन्धन | अर्जुनधारा-२ | ६४०००० |
| ४६ | जेष्ठ नागरिक लक्षित कार्यक्रम | अर्जुनधारा-२ | १००००० |
| ४७ | ढल्के पिपल ओरालो हुदै त्रिपुरेश्वर मार्ग | अर्जुनधारा-३ | ४४०००० |
| ४८ | भिमबहादुर श्रेष्ठको घर देखि महेन्द्र मगरको घर हुदै विमल खड्काको घरसम्म जाने पुरानो बाटो निर्माण (शान्ति मार्ग निर्माण) | अर्जुनधारा-३ | १५५७६०० |
| ४९ | बर्देश्वर शिवालय मन्दिर निर्माण | अर्जुनधारा-३ | ५००००० |
| ५० | युवा महिला लक्षित कार्यक्रम | अर्जुनधारा-४ | २००००० |
| ५१ | होडिङ्ग बोर्ड | अर्जुनधारा-४ | १५०००० |
| ५२ | लक्ष्मीपुर चोक उत्तर गत आ.व.को पेभर्स निरन्तरता | अर्जुनधारा-५ | ३७७५०० |
| ५३ | डिएमसी छेउमा स्पर तटबन्धन | अर्जुनधारा-५ | २००००० |
| ५४ | मार्ग स्तरउन्नति तथा मर्मत सम्भार भद्रशिला मार्ग | अर्जुनधारा-५ | २३५००० |
| ५५ | जागृति टोल जाने पानी मुहान बांध निर्माण | अर्जुनधारा-९ | ० |
| ५६ | जुपिटर स्कुल जाने बाटो प्लम्ब वाल निर्माण | अर्जुनधारा-१० | ४५९००० |
| ५७ | सिरिजंघा मार्ग रोड न १ ब्लक विच्छयाउने लुङ्गा चोक सडक पेर्वस | अर्जुनधारा-११ | १२००००० |
| ५८ | आ व २०८०.०८१ मा जनहसभागिता मार्फत जम्मा भएको रकम संचालित योजना बांकी छुट | अर्जुनधारा- | |
| ५९ | अन्तर मावि फूटबल प्रतियोगिता कार्यक्रम अर्जुनधारा | अर्जुनधारा- | ३००००० |
| ६० | कानुनी परामर्श आ व २०८०.८१ को पालिकाको कानुनी व्यवस्थापनमा सेवा खर्च अधिवक्ता चित्रबहादुर थापा मगर | अर्जुनधारा- | २१६१०० |
| ६१ | सरसफाइ कार्यक्रममा सेवा शुल्क राजश्व उठाउन उत्प्रेरणा खाजा खर्च | अर्जुनधारा- | ५२८०० |
| ६२ | सुखानी दोभान टाङटिङ खोला तटबन्धन | अर्जुनधारा-३ | ९००००० |
| ६३ | स्थानिय पाठ्यक्रम निर्माण फ्रन्टियर तालिका तथा अनुसन्धान प्रा लि | अर्जुनधारा- | ३००००० |
| | जम्मा | | ४३६१३८४२ |

दलदेव सिंह गोम्देन तामाङ
नगर प्रमुख

## अनुसूची-३ संसोधित योजनाहरुको विवरण

| सि.नं. | साविक कार्यक्रम | ठेगाना | विनियोजित रकम | रकमान्तर हुने रकम | संसोधित कार्यक्रम | रकमान्तर भएको रकम |
|---|---|---|---|---|---|---|
| १ | नगर प्रमुख सडक सुधार कार्यक्रम पेर्वस | नगरस्तरीय | ८०००००० | ८०००००० | नगर प्रमुख सडक सुधार कार्यक्रम | ८०००००० |
| २ | क्षयरोग मुक्त नगरपालिका घोषणा कार्यक्रम | स्वास्थ्य शाखा | ५००००० | ५००००० | एक वडा एक चिकित्सक व्यवस्थापन कार्यक्रममा चिकित्सक तथा प्राविधिक खर्च | २५०००० |
| | | | | | दहिझोडा स्वास्थ्य भवनमा सिलिगं तथा आवश्यक व्यवस्थापन खर्च | ५०००० |
| | | | | | स्वास्थ्य संस्था औजार उपकरण खरिद | २००००० |
| ३ | खोप भ्याक्सिन वितरण व्यवस्थापन साथै जेनेरेटर खरिद | स्वास्थ्य शाखा | ४५०००० | ४५०००० | DHIS-2, ELmis तालिम सचालन खर्च | ६०००० |
| | | | | | स्वास्थ्य सुचना केन्द्र वडा न. ११ को लागि आवश्यक फर्निचर तथा औजार उपकरण खरिद | ९०००० |
| | | | | | स्वास्थ्य शाखा ल्यापटप खरिद | १५०००० |
| | | | | | आधारभुत स्वास्थ्य केन्द्र वडा नं २ मा कर्मचारी तथा कार्यालय व्यवस्थापन | १५०००० |
| ४ | डेरी विज्ञ प्राविधिक सेवा | पशु शाखा | २००००० | १००००० | प्राविधिक अध्ययन भ्रमण | १००००० |
| ५ | काउ लिफ्ट मेसिन खरिद | पशु शाखा | १००००० | १००००० | खोरेत रोग सर्भिलेन्स | १००००० |
| ६ | मकैको खोस्टा तथा परालबाट सजावट तथा दैनिक उपभोग सामाग्री तालिम | दायित्व | १००००० | १००००० | अर्जुनधारा नपाको धार्मिक पर्यटकीय क्षेत्र प्रचार प्रसार तथा डायरी प्रकाशन अर्जुनधारा जेसीज पदहस्तान्तरण कार्यक्रम | १००००० |
| ७ | निशुल्क रगत उपलब्धता | अर्जुनधारा-१ | १००००० | १००००० | युवा तथा खेलकुद | १००००० |
| ८ | विपद् व्यस्थापन | अर्जुनधारा-२ | ३५०००० | ३५०००० | विपद् व्यवस्थापन | २२०००० |
| | | | | | खेलकुद गतिविधि संचालन | ५०००० |
| | | | | | अन्य सामाजिक सहायता | ५०००० |
| | | | | | महिला लक्षित कार्यक्रम | ३०००० |
| ९ | झाडी वुट्यान कटान कार्यक्रम | अर्जुनधारा-४ | ५०००० | ५०००० | कार्यालय तथा सूचना सम्प्रेषण सामाग्रि खरिद | ५०००० |
| १० | हात्ति धपाउने टर्च लाइट खरिद तथा वितरण | | २६५००० | २६५००० | युवाहरुका लागि डाइभिङ तालिम | १५०००० |
| | | | | | पशु सुत्केरी स्याहार प्रोत्साहन कार्यक्रम थप | ११५००० |
| ११ | नवदुर्गा आवि पुस्तक खरिद | | १००००० | १००००० | नवदुर्गा आ वि पूर्वाधार निर्माण | १००००० |

नवीन सिंह चौधरी? 
नगर प्रमुख

| सि.नं. | साविक कार्यक्रम | ठेगाना | विनियोजित रकम | रकमान्तर हुने रकम | संसोधित कार्यक्रम | रकमान्तर भएको रकम |
|---|---|---|---|---|---|---|
| १२ | लक्ष्मी आ वि कम्प्युटर प्रिन्टर खरिद | | १००००० | १००००० | लक्ष्मी आ वि पुर्वाधार निर्माण तथा मर्मत | १००००० |
| १३ | कन्चवारी प्रगति मार्ग बाह्रदशी प्लम्ब निर्माण | अर्जुनधारा-५ | २००००० | २००००० | सडकबत्ती थप | २००००० |
| १४ | मार्ग स्तरउन्नति तथा मर्मत सम्भार भद्रशिला मार्ग | अर्जुनधारा-५ | २५०००० | २५०००० | वडा कार्यालय जाने सडक, पाण्डवपुर सखुवानी सडक, भद्रशिला मार्ग, अर्जुन बस्नेतको घरबाट जलेश्वर मार्ग जोडिने सडक मर्मत सम्भार तथा स्तरउन्नति | २००००० |
| १५ | लागत साझेदारिमा सिंचाइ कार्यक्रम | | | | सामाजिक सहायता | ५०००० |
| १६ | हरि कार्कीको घरको अगाडिको बाटो प्लम्ब | अर्जुनधारा-६ | ५००००० | ५००००० | कृषकहरुका लागि सिंचाइ मोटर वितरण | ५००००० |
| १७ | मनोज भण्डारीको घर छेउको बाटो | | ३००००० | ३००००० | अदुवा खोला पुल व्यवस्थापन | ३००००० |
| | | | ३००००० | ३००००० | टोल न. २ बाटो स्तरउन्नति | १००००० |
| | | | | | महानन्द चोक लाइट जडान | १००००० |
| १८ | सिलवालको घर छेउको बाटो स्तरउन्नति | | | | विधुत विस्तार | १००००० |
| १९ | पशु विकास कार्यक्रम | | ५०००० | ५०००० | सोमनाथ खतिवडाको घरको बाटो स्तरउन्नति | ५०००० |
| २० | उदयम विकास कार्यक्रम | | २००००० | १००००० | लक्ष्मीपुर सडक बत्ती जडान | १५०००० |
| २१ | महानन्द चौक सौन्दर्यीकरण | | ९०००० | ५०००० | | |
| २२ | नश्ल सुधार कार्यक्रम | | २०००००० | २०००००० | पेभेज अर्जुनधारा ६ | २०००००० |
| २३ | कार्यालय पार्किङ्गका लागि टहरा | अर्जुनधारा-८ | १००००० | १००००० | स्वास्थ्य विमा | १००००० |
| २४ | साझेदारी कार्यक्रम | | ८०००० | ८०००० | विपन्न समुदाय टष्ट सहित टिनको छानो | ८०००० |
| | | | ६००००० | ६००००० | सेती देवि मन्दिर प्लम्ब वाल निर्माण | २५०००० |
| | | | | | इलेक्टिक चुल्हो | २५०००० |
| | | | | | सडक बत्ती | ५०००० |
| | | | | | विपन्न परिवार खानेपानी मिटर जडान | ५०००० |

बलदेव सिंह गोरखा (?) नगर प्रमुख